# आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३७ मिति : २०७५/03/05

भाग २

## आठविसकोट नगरपालिका

दोस्रो विद्यालय अनुगमन प्रतिवेदन, २०७५ (जेठ)

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकूद शाखा
## आठविसकोट रूकुम, (पश्चिम)

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

# दोस्रो विद्यालय अनुगमन प्रतिवेदन

(संयुक्त अनुगमन टोलीबाट आठविसकोट नगरपालिका स्थित ६३ वटा विद्यालयहरुमा गरिएको अनुगमनका आधारमा तयार गरिएको प्रतिवेदन)

२०७५, जेठ

## हाम्रो भनाई

एक महिना लामो विद्यालयको अनुगमनबाट विद्यालय अनुगमन **प्रतिवेदन**, २०७४ तयार भई नगर कार्यपालिकाबाट स्वीकृत भएर लागु समेत भईसकेको छ ।पहिलो विद्यालय अनुगमन प्रतिवदन, २०७४ ले नगरपालिकाभित्रका विद्यालयको यथार्थ अवस्था चित्रण गरिसकेको छ । विभिन्न वहाना वा बाध्यता जे भए पनि शिक्षा क्षेत्रमा देखिएको वेथिति र बेवास्तालाई अन्त्य गर्दै संविधानको मर्म अनुसार आधारभुत तहको शिक्षा अनिवार्य र नि:शूल्क तथा माध्यामिक तहको शिक्षा नि:शूल्क **प्राप्त** गर्ने नागरिकको मौलिक हकलाई कार्यान्वयन गर्दै उज्वल भविष्यको आशामा विद्यालय **प्रवेश** गर्ने कलिला र अवोध बालबालिकाहरुको सुन्दर भविष्य निर्माण गर्न एवं. आफ्ना सन्तानको उज्वल भविष्य निर्माणको लागि संघर्षरत अविभावकहरुको लगानी सुरक्षित गर्न जिम्मेवार सबै निकाय सजक, उत्तरदायि र जिम्मेवार बन्नू आवश्यक छ । पहिलो अनूगमन प्रतिवेदनको कार्यान्वयन अवस्थाको मुल्यांकन गर्ने, भर्ना अभियानको प्रभावकारीताको बारेमा जानकारी हासिल गर्ने एवम् विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या भए/नभएको यकिन गरी आवश्यक शिक्षक व्यवस्थापन गर्ने, विद्यालय क्षेत्रको सुधारको लागि कानुनत: नगरपालिकाले उठाएका कदमहरुबाट परेको सकरात्मक प्रभाव समेतको विश्लेषण गरी आगामी दिनमा समेत पृष्ठपोषण प्राप्त गरी थप कदमहरु अगाडी बढाउने अनूगमनको मुल मर्म रहेको छ ।

आधारभूत तथा माध्यामिक तहको शिक्षाको व्यवस्थापन र संचालन गर्ने सम्पूर्ण अधिकार स्थानीय तहलाई नै संविधानत दिईसकेको अवस्थामा स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए अनूसार विद्यालय शिक्षाको गूणस्तर सम्बन्धमा उठेका **प्रश्नहरुको**उत्तर खोज्ने, उत्तरको सही र सटिक जवाफ सरोकारवाला आम अविभावकलाई दिने र शिक्षा क्षेत्रमा देखा परेका समस्या र चूनौतीहरुको दिगो र भरपर्दो उपाय खोज्ने जिम्मेवारी सहित आठविसकोट नगर शिक्षा समितिले दिएको जिम्मेवारको लागि नगर शिक्षा समिति**प्रति**आभार **प्रकट गर्न** चाहन्छौं ।

**मिति २०७५/०२/१६ देखि २०७५/०२/२४ सम्मको** अनूगमनको क्रममा अनूगमनकर्ताले मागेका सम्पूर्ण विवरणहरु उपलब्ध गराई सहयोग गर्नूहूने सम्पूर्ण सम्बन्धित विद्यालयका प्रधानाध्यापक शिक्षक, अविभावक, वडा अध्यक्ष लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । हामीले पेश गरेको **प्रतिवेदनबाट**नगरपालिका क्षेत्रभित्रका सामूदायिक एवं. संस्थागत विद्यालयहरुको गूणस्तरमा सुधार आई शिक्षा क्षेत्रमा आमूल परिवर्तन हूने अपेक्षा गरेका छौं ।

| | |
|---|---|
| १.श्री रामबहादुर के.सी. | नि.प्रमुख प्रशासकीय अधिकृत |
| २. श्री थलवीर ओली | शिक्षा शाखा संयोजक |
| ३. श्री कामेश्वर नायक | स्रोत व्यक्ति |
| ४. गणेश चन्द | सूचना प्रविधि अधिकृत |
| ५. श्री जयबहादुर बुढा | प्रशिक्षक |
| ६. मानबहादुर बटाला | स.क.अ. |
| ७. ज्ञानु आचार्य | आ.प्र.स. |
| ८. रतिभान वि.क. | प्र.स. |

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## संक्षिप्त शब्दावलीको पूरा रुप

| | |
|---|---|
| SWOT | Strength, Weakness, Opportunities & Threat |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| प्र.अ. | प्रधानाध्यापक |
| आ.वि. | आधारभूत विद्यालय |
| मा.वि. | माध्यामिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यामिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

# कार्यकारी सारांश

देश संघीय संरचनामा गईसकेपछि आधारभूत तथा माध्यामिक शिक्षाको सम्पूर्ण अधिकार संविधान बमोजिम स्थानीय तहमा आईसकेको छ । स्थानीय तहमा उक्त अधिकार आईसकेपछि आठविसकोट नगरपालिकाले सो अधिकारको कार्यान्वयनको लागि नगर शिक्षा ऐन, नियमावली तथा नगर शिक्षा सुधार योजना लगायतका कानुनी दस्तावेजहरु निर्माण गरिसकेको छ ।भौगोलिक रुपले पिछडिएको एवं. राज्यको उपेक्षामा परेका क्षेत्रहरुमध्ये आठविसकोट नगरपालिका पनि एक हो । लामो समयदेखिको संक्रमणकालले पिल्सिएको शिक्षा क्षेत्रलाई सुधार गरी कलिला बालबालिकाहरुको उज्वल भविष्य सुनिश्चित गर्ने अभिप्रायले नगरपालिकाभित्रका ६3 वटै विद्यालयहरुको अनुगमन तथा मूल्यांकण गरी ती विद्यालयहरुको अवस्थाको SWOT Analysis गरी निछोड निकाल्दा शिक्षा क्षेत्रमा अझै पनि केही सकरात्मक र आसावादी प्रयासहरूर केहीनकरात्मक तथ्यहरु देखिन्छन । विद्यालय अनुगमन प्रतिवेदन, २०७४ कार्यान्वयनमा आएको, नगरपालिकाबाट शिक्षा क्षेत्रको सुधारको लागि प्रारम्भिक वालविकास केन्द्र र आधारभुत तह कक्षा १ देखि कक्षा ३ सम्मका बालबालिकाहरुलाई ड्रेस वितरण गर्ने, राम्रो नतिजा हासिल गर्ने विद्यालय, शिक्षक एवम् विद्यार्थीहरुलाई पुरुस्कृत गर्ने, अपेक्षाभन्दा न्युन नतिजा हासिल गर्ने विद्यालय एवम् कार्यरत सम्बन्धित विषयका शिक्षकहरुलाई सचेत बनाउने, निरन्तरको निगरानी, अविभावकहरुमा आउन लागेको सचेतना इत्यादीको कारण शिक्षा क्षेत्रमा सुधारका संकेत आउन थालेका छन् ।

एकातिर शिक्षकहरुको पेशाप्रतिको बेवास्ता, शिक्षा क्षेत्रमा राज्यको उदासिनता र शिक्षा क्षेत्रमा सरकारद्वारा सामुदायिक सरकारी र संस्थागत विद्यालयको नाममा भईरहेको दुई खालको अस्पष्ट व्यवहार, नियमन, अनुगमन र मूल्याङ्कणको पाटो फितलो हुनु, विद्यमान परिक्षा प्रणाली, शिक्षाप्रति अविभावकको बेवास्ता वा सचेतनाको कमी, पूर्वाधारको कमी लगायतका समस्याहरुबाट शिक्षा क्षेत्र ग्रसित भईरहेको छ भने अर्कोतिर राज्यले शिक्षा क्षेत्रमा गरेको लगानीले अपेक्षित नतिजा ल्याउन सकेको छैन र सामुदायिक विद्यालयतर्फ अविभावकको विश्वास बढ्न सकेको छैन ।शिक्षकहरुलाई परिवर्तित सन्दर्भमा उत्प्रेरित गर्न नसक्नु, समय समयमा तालिम दिन नसक्नु, शिक्षक, विद्यार्थी र अविभावकहरुविचमा निरन्तर अन्तरक्रिया हुन नसक्नु, शिक्षक, कर्मचारी एवं. उच्च पदस्थ पदाधिकारीहरुका छोराछोरीहरु सामुदायिक विद्यालयको शैक्षिक स्तरप्रति अविश्वास तथा बेवास्ताको कारण सामुदायिक स्कुलमा नराखिनु, विद्यमान अस्थिर राजनीतिक प्रणाली र सक्रंमणकालको फाइदा लुट्ने प्रवृत्ति, शिक्षकहरुको राजनीतिप्रतिको मोह र राजनीतिबाट गल्तीको संरक्षण गर्ने गलत राजनीतिक संस्कार, गलतलाई दण्डित, सिर्जनशीलतालाई प्रोत्साहन र उत्कृष्टतालाई पुरुस्कार भन्ने मान्यताको कार्यान्वयन हुन नसक्नु, पूर्वाधार विना नै विद्यालय खोल्ने, अनुमति तथा स्वीकृति दिने प्रवृत्ति, विद्यार्थी संख्याको आधारमा शिक्षकको बेवास्था जस्ता यावत् समस्या र चुनौतिहरुको विचमा हाम्रो शिक्षा क्षेत्र उभिएको छ ।

पहिलो चरणको अनुगमनको क्रममा केही औंलामा गन्न मिल्ने विद्यालयहरु बाहेक अधिकांश विद्यालयहरुमरणासन्न अवस्थामा रहेकोथियो जुन आधारभूत तह कक्षा ८ को वार्षिक परिक्षाको नतिजाले प्रष्ट पारेको छ । अधिकांश विद्यार्थीहरु D र E ग्रेडमा उत्तिर्ण हुनुले हाम्रो नगरपालिकाको शिक्षाको अवस्था कस्तो रहेको

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

छ भनि सहजै अनुमान लगाउन सकिन्छ । मरणासन्न अवस्थामा रहेका विद्यालयहरुलाई प्राण दिई पुनर्जन्म दिनु कम्तिचुनौतीपूर्ण काम छैन । तर संसारमा कुनै पनि काम असंभव छैन । चुनौतीहरुको विचबाट शिक्षा क्षेत्रमा कायापलट ल्याउन सकिन्छ । न्यूनतम पूर्वाधार पूरा नभएका, विद्यार्थी संख्या न्यून रहेका, पैदल दूरी ३० मिनेट वा सो भन्दा कम भएका, शैक्षिक गुणस्तर न्यून रहेकाविद्यालयहरुको अनुमति खारेज गर्ने,गुणात्मकभन्दा पनि संख्यात्मक रुपमा बढिरहेका विद्यालयहरुको नक्सांकन गरी भौगोलिक अवस्था, स्रोत साधन र जनसंख्यालाई विश्लेषण गरी एउटा वडामा रहन सक्ने अधिकतम विद्यालयहरुको संख्या एकीन गरी पूर्वाधार पूरा भएका विद्यालयहरुको पहिचान गरेर सोही अनुसार विद्यालयको स्थापना, संचालन र व्यवस्थापन गर्ने, संविधानले नै आधारभुत तथा माध्यामिक तहको शिक्षा नि:शुल्क हुनुपर्ने भनि शिक्षा सम्बन्धि हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिसकेपछि आधारभूत तथा माध्यामिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी राज्यले नै लिएर शिक्षा क्षेत्रमा भईरहेको व्यापारिकरण र लुटतन्त्रलाई अन्त्य गर्न राज्य निर्मम तरिकाले लाग्ने र शैक्षिक माफियाहरुको सामूल नै अन्त्य गर्ने,अभिभावकले पनि बालबालिकाको उज्वल भविष्यको लागि शिक्षा क्षेत्रमा केही लगानी गर्नुपर्ने, समयानुकूल पाठ्यपुस्तक, शैक्षिक सामग्री, सीपमूलक, व्यवसायिक प्राविधिक शिक्षामा राज्यले लगानी गर्ने, विद्यालयको विद्यमान भौतिक संरचना बालअनुकूल एवं. वातावरणमैत्री हुनुपर्ने, नियमन, अनुगमन, मूल्यांकन र प्रतिवेदनलाई चुस्त, दुरुस्त र वास्तविक बनाई अनुगमनको क्रममा देखिएका राम्रा नराम्रा पक्षहरुलाई विश्लेषण गरी समस्याहरुको समाधान र पृष्ठपोषणमा जोड दिने, विद्यालयको स्तर सुधार गर्न सम्बन्धीत वडा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावकलाई प्रत्यक्ष रुपमा उत्तरदायि बनाउने,शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि कम्तिमा ३ वर्षमा १ पटक लामो समयको र प्रत्येक वर्षमा कम्तिमा १ पटक छोटो समयको तालिमको व्यवस्था गर्ने, विषयगत योग्य शिक्षकहरुको व्यवस्था गर्ने, विद्युतीय हाजिरी, प्रोजेक्टरको माध्यामबाट अध्ययन अध्यापन,Computer Education, English mediumमा शिक्षण, प्रविधिमा आधारित शिक्षामा जोड लगायतका कार्यहरुलाई अभियानकै रुपमा युद्धस्तरमा संचालन गर्न सकेको खण्डमा छोटो समयमै शिक्षा क्षेत्रमा आमूल परिवर्तन संभव छ ।

विद्यालय अनुगमनको क्रममा गत शैक्षिक शत्रभन्दा यस शैक्षिक शत्रमा समग्रमा ५.८ प्रतिशतले भर्ना हुने विद्यार्थीको संख्या बढेको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रमा १०४ प्रतिशतले भर्नादर बढेको छ जून उत्साहजनक छ । नि:शुल्क पोशाक वितरण, सबै विद्यालयहरुमा अनिवार्य प्रारम्भिक बालविकास केन्द्र राख्ने व्यवस्था, नि:शुल्क पुस्तक वितरणजस्ता नगरपालिकाबाट अवलम्बन गरिएका अभियानहरुको कारण भर्ना संख्या बढेको विश्लेषण गर्न सकिन्छ । आधारभुत तह कक्षा १-५ मा भर्ना हुनेको संख्या समग्रमा ४ प्रतिशतले घटेको देखिन्छ । खासमा कक्षा १, कक्षा ४ र कक्षा ५ मा भर्ना संख्या घटेको देखिन्छ । सबै विद्यालयहरुमा प्रारम्भिक वालविकास केन्द्रहरुको स्थापना हुंदा गत शैक्षिक शत्रहरुमा उमेर नपुगी कक्षा १ मा भर्ना हुने बालबालिकाहरु प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएर पनि कक्षा १ मा भर्ना हुने संख्या घटेको हुन सक्छ । नगरपालिकाले परिक्षा प्रणाली सुधारको लागि चालेका सकरात्मक प्रयासहरुको कारण सम्बन्धित कक्षामा अपेक्षित रुपमा प्राप्त हुनुपर्ने सिकाई उपलब्धि प्राप्त नगर्ने बालबालिकाहरुले कक्षा दोहोर्‍याउनू पर्ने अवस्थाको कारण पनि भर्ना संख्या घटेको छ । तर समग्रमा स्कुल जाने उमेरका बालबालिकाहरु विद्यालय जानबाट वञ्चित हुने अवस्था सिर्जना भएको छैन् ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

आधारभूत तह कक्षा ६-८ मा भर्ना हुनेको संख्यामा समग्रमा १०.९ प्रतिशतले बढेको देखिन्छ । सबैभन्दा बढि भर्ना कक्षा ८ मा भएका छन् । कक्षा ८ को वार्षिक परिक्षामा अधिकांश विद्यार्थीहरु 'D' र 'E' श्रेणीमा उत्तिर्ण भई नगर शिक्षा समितिको निर्णयानुसार ती विद्यार्थीहरुले कक्षा दोहोऱ्याउनुपर्ने कारण कक्षा ८ मा भर्ना हुनेको संख्या उल्लेख्य रहेको पाईयो । माध्यामिक तहमा भर्ना हुने विद्यार्थीको संख्या समग्रमा २१ प्रतिशतले घटेको देखिन्छ । माध्यामिक तह कक्षा ९ मा भर्ना हुनेको संख्या करिव ३८ प्रतिशतले घटेको छ । यसको मुल कारण पनि कक्षा ८ को वार्षिक परिक्षाको नतिजा नै हो । नगरपालिकाले नगरस्तरिय परिक्षाहरुमा गरेको सूधारको कारण विद्यार्थीहरुमा पढ्ने बानीको विकास भएको छ भने विद्यालयमा अध्यापन नै नगरी तलबभत्ता बुझ्ने शिक्षकहरुलाई गर या मरको अवस्थामा पुऱ्याइदिएको छ ।

शिक्षा क्षेत्रमा राज्यले गरेको लगानीलाई सार्थक तुल्याउन राज्यले दुई खाले शिक्षा प्रणाली लागू गर्ने गरी नीति बनाउने होइन की एकीकृत रुपमा सबै नागरिकलाई सर्वसुलभ अनिवार्य शिक्षाको व्यवस्था, गरिव र विपन्नहरु समेतले आफ्नो क्षमता अनुसारको उच्च शिक्षा हासिल गर्न सक्ने अवस्था सिर्जना गर्नु पर्दछ । नीति कुनै व्यक्ति विशेषलाई हेरेर बनाईदैन । राज्यको नीतिले समग्र शिक्षा क्षेत्रको वेथितिलाई अन्त्य गरी शिक्षा, स्वास्थ्य जस्ता क्षेत्र राज्यको महत्वपूर्ण दायित्वभित्र पर्ने भएकोले सो विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नु पर्दछ ।

विद्यालय अनुगमनको क्रममा प्राप्त तथ्यांकको आधारमा नगरपालिकाभित्रका सम्पुर्ण सामुदायिक विद्यालयमा हाल कार्यरत शिक्षक(स्थायी, अस्थायी, राहत, लिएन, स्वयम्सेवक करार शिक्षक) संख्या २८० रहेकोमा विद्यार्थी संख्याको अनुपात एवम् न्युनतम शिक्षक संख्याको आधारमा थप १७ जना शिक्षक थप गर्नुपर्ने आवश्यकता देखिन्छ । प्रारम्भिक बाल विकास केन्द्रमा ६१ जना बालशिक्षा कार्यकर्ता रहेकोमा थप ५ जना थप गर्नुपर्ने देखिन्छ । हाल नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म १२६०७ जना बालबालिकाहरु विभिन्न कक्षाहरुमा भर्ना भएको पाईयो ।

अत: चुनौती नै चुनौतीले भरिएको शिक्षा क्षेत्रको भविष्यलाई उज्वल बनाई आम बालबालिकाहरुको सुन्दर भविष्य सुनिश्चित् गर्न सरोकारवाला जिम्मेवार निकायहरुले सक्रियता र सजकतापूर्वक आफ्नो जिम्मेवारी वहन गर्नु आवश्यक छ । जतातते समस्यामात्र देखाउने होइनकी शिक्षा क्षेत्रका वास्तविक सम्यस्याहरुको पहिचान गरी ती समस्याहरुको वास्तविक समाधान खोज्नु बुद्धिमानी हुनेछ । यो या त्यो वहानामा कलिला अवोध बालबालिकाहरुको भविष्यमा खेलवाट गर्ने कसैलाई छुट छैन र त्यस्तो कार्य अक्षम्य हुनेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## Contents

हाम्रो भनाई ........................................................................................ I

संक्षिप्त शब्दावलीको पूरा रुप ................................................................ II

कार्यकारी सारांश.........................................................................................iii

१. पृष्ठभुमी : ................................................................................ 1

२.उद्देश्य :- ........................................................................................ 2

३. अध्ययन विधि :- ......................................................................... 2

४. तथ्याङ्क विश्लेषण र प्राप्ति :- ........................................................ 3

५. सुझावहरु :- ................................................................................. 5

६. निष्कर्ष : ........................................................................................ 7

अनुगमनको एकीकृत विवरण २०७५ ................................................ 7

........................................................................................................ 15

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## १. पृष्ठभुमी :

नगरपालिकाभित्र शैक्षिक अनुशासन कायम गरी गुणस्तरिय शिक्षाको सुनिश्चिततताको लागि नगरपालिका अहोरात्र खट्टिरहेको छ। शिक्षा क्षेत्रको व्यवस्थापन र विद्यालयहरुमा गुणस्तरिय शिक्षा प्राप्त हुने अवस्थाको सिर्जना गर्न नगरपालिकाले कानूनी, नीतिगत एवम् संस्थागत व्यवस्थाहरु गरी सोहीअनुरुप आफ्ना गतिविधिहरु अगाडी बढाईरहेको छ। पहिलो विद्यालय अनुगमन प्रतिवेदनमा शिक्षा क्षेत्रमा जुन दृश्य देखियो सोको समाधानको लागि नगरपालिकाले चालेका कदमहरु स्वागतयोग्य नै छन्।

आफ्ना सन्तानलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले जंगबहादुर राणाले वि.सं. १९१० मा दरवार हाईस्कूल स्थापना गरे देखि नै नेपालमा औपचारिक शिक्षा प्रारम्भ भएको हो। राणाहरु स्वभावले नै शिक्षा विरोधि थिए जसले गर्दा राणाकालमा शिक्षाको विकास हुन सकेन। पञ्चायत कालमा २०२८ सालमा नेपाल राष्ट्रिय शिक्षा पद्धतिको गठन गरी शिक्षा विकासमा केहि सुधार गर्न खोजियो। तर विद्यालय विकासमा अविभावक तथा स्थानीय सरोकारवालाहरुलाई विश्वासमा लिन नसकेकै कारणले यो योजनाले पनि अपेक्षित सफलता पाउन सकेन। प्रजातन्त्रको पुनः स्थापना पश्चात निजि विद्यालयहरु प्रशस्त खुले तर सार्वजनिक विद्यालयको स्थिति दिन प्रति नाजुक बन्दै गयो। वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनदेखि हाल सम्म शिक्षाको समस्या पहिचान गरी समाधानका उपाय सहितको प्रतिवेदन पेश गर्न सरकारले धेरै वटा शिक्षा आयोगहरु बनायो। २०६२/०६३ को जनआन्दोलन पश्चात विद्यालय शिक्षामा समयानुकूल परिवर्तन आउने अपेक्षा पनि गरियो। यसका लागि संस्थागत, सरकारी एवं गैरसरकारी तवरमा विभिन्न प्रयासहरु पनि भए। तर सामुदायिक विद्यालयहरुमा खासै सुधार हुन सकेन। नेपालको संविधान २०७२, लागुभई सकेपछि शिक्षा ऐन परिवर्तन गरी परिवर्तित ऐनमा शिक्षक व्यवस्थापनको लागि केहि प्रावधान पनि राखियो। तर शिक्षा ऐनको आठौं संसोधन कार्यान्वयन नहुदै नवौं संशोधन गरियो। यस प्रति सरोकारवालाहरुको कडा विरोध भएपछि यसको कार्यान्वयनमा अन्यौलता देखिएको छ।

त्यसोत सरकार परिर्वतन हुन साथ शिक्षा आयोग बन्ने र आयोगले सरकारलाई प्रतिवेदन पेश गर्ने कार्य भयो तर शिक्षा विकासलाई लक्षित विन्दुसम्म पुऱ्याउने ठोस कार्य हुन सकेन। संविधान अनुसार स्थानिय, प्रादेशिक र संघिय सरकार बनीसकेको अवस्थामा झन्डै ६ दशक अगाडि बनाइएको शिक्षा ऐन २०२८ को औचित्यतामा प्रश्न उठाउन थालिएको छ। संविधानले नै प्रत्याभुत गरेको माध्यामिक तह सम्मको शिक्षा व्यवस्थापन स्थानीय सरकारलाई छ। शिक्षाको सन्तुलित विकास विना अन्य क्षेत्रको विकास सम्भव नहुने यथार्थलाई आत्मासाथ गर्न नसक्दा नेपालको विद्यालय शिक्षाले गति लिन सकिरहेको छैन।

हालको प्रशासनिक संरचनाअनुसार कर्णाली प्रदेश स्थित रुकुम (पश्चिम) जिल्लाको आठविसकोट नगरपालिका भित्र रहेका विद्यालय शिक्षाको व्यवस्थापनसँग सम्बन्धित विद्यालयहरुले सम्पादन गरेका कामको अवस्थाको पहिचान तथा विद्यालय अनुगमन प्रतिवेदन, २०७४ को कार्यान्वयनको अवस्था विश्लेषण गरी कार्यक्रम कार्यान्वयनमा परेका बाधाहरु फुकाउने, सहजिकरण गर्ने र फिल्डको अवस्थाको विश्लेषण गरी नगर शिक्षा समिति, नगर कार्यपालिका र नगरसभालाई जानकारी गराउने हेतुले गरिएको स्थलगत अध्ययन प्रतिवेदन आठविसकोट नगरपालिका समक्ष प्रस्तुत गर्नु यस प्रतिवेदनको मुल उद्देश्य हो। अनुगमनका सिलसिलामा रुकुम

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(पश्चिम) जिल्ला आठविसकोट नगरपालिकाभित्र रहेका माद्यामिक तह(६-१२) १ वटा, माध्यमिक तह (१-१२) २ वटा, माध्यामिक तह(१-१०) ११, माध्यामिक तह(६-९) १ वटा, आधारभूत तह(१-८) ५ वटा, आधारभूत तह(१-६) १ वटा, आधारभूत तह(१-५), ३९, बाल विकास केन्दमात्र ३ वटा गरी जम्मा ६३ वटा विद्यालय, १ वटा निजि विद्यालयहरुको स्थलगत अनुगमन गरियो ।

यस स्थलगत अनुगमनमा शिक्षा ऐन, २०२८ को नवौं संशोधनको प्रमाणिकरण, स्थानीय सरकार संचालन ऐन २०७४, आठविसकोट नगरपालिकाको शिक्षा सुधार योजना २०७४, र आठविसकोट नगरपालिका शिक्षा नियमावली २०७४, विद्यालय अनुगमन प्रतिवेदन, २०७४ जारी भैसकेको अवस्थामा शिक्षक व्यवस्थापन, नगर स्तरिय परीक्षा व्यवस्थापन, शैक्षिक तथ्याङ्क व्यवस्थापन, विद्यालय व्यवस्थापन, विद्यालय मर्ज, दरवन्दि मिलान, विद्यालयका समस्या पहिचान गरी समाधानको उपायको खोजिगरी सहजीकरण गर्ने र शिक्षामा गुणस्तर कायम गर्ने जस्ता विभिन्न जल्दाबल्दा सवालहरुमा अध्ययन गरी सुझाव पेश गर्न नगर शिक्षा समिति आठविसकोट रुकुम (पश्चिम) द्धारा मिति २०७५/०२/१५ गते नि. प्रमुख प्रशासकिय अधिकृत राम बहादुर के.सी.को संयोजकत्वमा गठित अनुगमन समितिले मिति २०७५/०२/१६ देखि २०७५/०२/२४ गतेसम्म नगरपालिकाका सवै विद्यालयहरुमा अनुगमन गरी सुझाव पेश गरियो ।

## २.उद्देश्य :-

क) निश्चित मापदण्ड नपुगेका विद्यालयहरुको पहिचान गरी पुनः मर्ज गर्ने,

ख) विद्यालयहरुबाट गरिएका राम्रा शैक्षिक अभ्यासहरुको पहिचान गर्ने,

ग) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक नीति निर्माण गरी कार्यावन्यन गर्ने गराउने,

घ) सामाजिक परिक्षण, लेखापरिक्षण लगायतका क्षेत्रमा विद्यालयले सामना गर्नु परेका समस्याहरुको पहिचान गरी समाधानका उपायको खोजी गरी जानकारी गराउने,

ङ) विद्यालय अनुगमन प्रतिवेदन, २०७४ एवम् नगरपालिकाले पटक-पटक दिएका निर्देशनहरु कार्यान्वयन भए नभएको सम्बन्धामा यथार्थ अवस्था पत्ता लगाउने,

च) नगरपालिका स्थित सम्पुर्ण विद्यालयको अनुगमन गरी यथार्थ विवरण नगर शिक्षा समिति, नगर कार्यापालिका र नगर सभामा पेश गरी भावी योजना निर्माणमा पृष्ठपोषण दिने,

## ३. अध्ययन विधि :-

### क) प्रत्यक्ष अवलोकन :-

रुकुम (पश्चिम) जिल्लाको आठविसकोट नगरपालिकामा अवस्थित ६३ वटा आधारभुत तथा माध्यामिक विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा प्रशासनिक पक्षको प्रत्यक्ष अवलोकन गरियो । सम्पुर्ण विद्यालयका भवन तथा कक्षा कोठा र जग्गाको अवलोकन गरी अधिकतम उपयोग गर्न सकिने उपायहरु सुझाईयो ।

### ख) दस्तावेज अध्ययन :-

विद्यालयमा विगतमा आगन्तुकहरुको सुझावपुस्तिका मार्फत भ्रमणका क्रममा दिईएका सुझावहरुको कार्यान्वयनको अवस्थाबारे जानकारी लिइयो । आर्थिक बर्ष २०७३/०७४ र २०७४/०७५ मा विद्यालयलाई जिल्ला शिक्षा कार्यालय, रुकुम (पश्चिम) र आठविसकोट नगरपालिकाबाट प्रदान गरिएको बार्षिक वजेट तथा कार्यक्रमको

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

कार्यान्वयनको अवस्थाको अभिलेख हेरी अध्ययन गरियो । त्यस्तै शिक्षक हाजीरी विद्यार्थि हाजिरी र विदा रेकर्ड हेरियो ।

**ग) अन्तरवार्ता :-**

आठविसकोट नगरपालिका अन्तगत विभिन्न विद्यालयका प्रधानाध्यापकहरु र शिक्षकहरुसँग विद्यालयका गतिविधिहरु र गुणस्तर सुधारका विषयमा अन्तरवार्ता लिइयो ।

**घ) छलफल :-**

आठविसकोट नगरपालिका स्थित विभिन्न विद्यालयहरुको संञ्चालनको अवस्था, प्रशासनिक कार्य, शिक्षा ऐन र नियमावली, आठविसकोट नगरपालिकाको शिक्षा सुधार योजना २०७४, शिक्षक कर्मचारी व्यवस्थापन, अभिलेख व्यवस्थापनबारे प्रधानाध्यापक र शिक्षकसँग छलफल गरियो ।

**ङ) प्रवचन :-**

आठविसकोट नगरपालिका स्थित विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक कर्मचारी र अनुगमनमा खटिएका अनुगमन टोलीको उपस्थितिमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, का आधारमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापनका बारेमा गरेका निर्णयहरुको बारेमा जानकारी गराई शिक्षाको गुणस्तर उकास्न गरिनु पर्ने उपायहरुको बारेमा प्रवचन दिइयो । प्रवचन पश्चात् विद्यालका शिक्षकहरुबाट उठाईएका सवालहरुको जवाफ समेत दिइयो ।

## ४. तथ्याङ्क विश्लेषण र प्राप्ति :-

रुकुम (पश्चिम) जिल्ला आठविसकोट नगरपालिका स्थित ६३ वटै विद्यालयहरुको स्थलगत निरीक्षण तथा अनुगमनबाट प्राप्त तहगत रुपमा मौज्जाद शिक्षक विवरण, अनुमति वा स्वीकृति लिएका विद्यालयहरुको विवरण, कक्षागत विद्यार्थी विवरण, प्रधानाध्यापकहरुको विवरण, विद्यालयमा रहेका शिक्षकहरुको विवरण, सञ्चालित विद्यालयहरुमा आवश्यक पर्ने दरवन्दि विवरण, सरकारी विद्यालयका विद्यार्थी संख्याको विवरण संकलन गरियो । विद्यालय अनुगमनको क्रममा गत शैक्षिक शत्रभन्दा यस शैक्षिक शत्रमा समग्रमा ५.८ प्रतिशतले भर्ना हुने विद्यार्थीको संख्या बढेको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रमा १०४ प्रतिशतले भर्नादर बढेको छ जून उत्साहजनक छ । नि:शुल्क पोशाक वितरण, सबै विद्यालयहरुमा अनिवार्य प्रारम्भिक बालविकास केन्द्र राख्ने व्यवस्था, नि:शुल्क पुस्तक वितरणजस्ता नगरपालिकाबाट अवलम्बन गरिएका अभियानहरुको कारण भर्ना संख्या बढेको विश्लेषण गर्न सकिन्छ । आधारभुत तह कक्षा १-५ मा भर्ना हुनेको संख्या समग्रमा ४ प्रतिशतले घटेको देखिन्छ । खासमा कक्षा १, कक्षा ४ र कक्षा ५ मा भर्ना संख्या घटेको देखिन्छ । सबै विद्यालयहरुमा प्रारम्भिक वालविकास केन्द्रहरुको स्थापना हुंदा गत शैक्षिक शत्रहरुमा उमेर नपुगी कक्षा १ मा भर्ना हुने बालबालिकाहरु प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएर पनि कक्षा १ मा भर्ना हुने संख्या घटेको हुन सक्छ । नगरपालिकाले परिक्षा प्रणाली सुधारको लागि चालेका सकरात्मक प्रयासहरुको कारण सम्बन्धित कक्षामा अपेक्षित रुपमा प्राप्त हुनुपर्ने सिकाई उपलब्धि प्राप्त नगर्ने बालबालिकाहरुले कक्षा दोहोऱ्याउनू पर्ने अवस्थाको कारण पनि भर्ना संख्या घटेको छ । तर समग्रमा स्कुल जाने उमेरका बालबालिकाहरु विद्यालय जानबाट वञ्चित हुने अवस्था सिर्जना भएको छैन् ।

आधारभूत तह कक्षा ६-८ मा भर्ना हुनेको संख्यामा समग्रमा १०.९ प्रतिशतले बढेको देखिन्छ । सबैभन्दा बढि भर्ना कक्षा ८ मा भएका छन् । कक्षा ८ को वार्षिक परिक्षामा अधिकांश विद्यार्थीहरु 'D' र 'E' श्रेणीमा उत्तिर्ण



आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

भई नगर शिक्षा समितिको निर्णयानुसार ती विद्यार्थीहरुले कक्षा दोहोऱ्याउनुपर्ने कारण कक्षा ८ मा भर्ना हुनेको संख्या उल्लेख्य रहेको पाईयो । माध्यामिक तहमा भर्ना हुने विद्यार्थीको संख्या समग्रमा २१ प्रतिशतले घटेको देखिन्छ । माध्यामिक तह कक्षा ९ मा भर्ना हुनेको संख्या करिव ३८ प्रतिशतले घटेको छ । यसको मुल कारण पनि कक्षा ८ को वार्षिक परिक्षाको नतिजा नै हो । नगरपालिकाले नगरस्तरिय परिक्षाहरुमा गरेको सूधारको कारण विद्यार्थीहरुमा पढ्ने बानीको विकास भएको छ भने विद्यालयमा अध्यापन नै नगरी तलबभत्ता बुझ्ने शिक्षकहरुलाई गर या मरको अवस्थामा पुऱ्याइदिएको छ । विद्यालय अनुगमनको क्रममा प्राप्त तथ्यांकको एकीकृत विवरण अनुसुची १ मा उल्लेख गरिएको छ । अनुगमनको क्रममा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा देहायका समस्याहरु रहेको पाइयो ।

१. आठविसकोट नगरपालिकाको शिक्षा नियमावली, २०७४ को परिच्छेद २ नियम १६ को अनुसुचि २ बमोजिमका पूर्वाधार पूरा नभएको ।

२. विदा रेकर्ड नराखी जथाभावि विदा मिलान गरीएको र प्रचलित कानून बमोजिम प्राप्त हुने विदा बाहेकका विदाहरु पनि  लिएको ।

३. प्राय: जसो विद्यालयहरुको प्रधानाध्यापकहरु योग्य नभएको र पदिय जिम्मेवारी बहन गर्न नसकेको ।

४. विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकारको सहि सदुपयोग नगरेको ।

५. शैक्षिक सामाग्रीको अभावमा परम्परागत शिक्षण शैली अपनाइएको ।

६. शिक्षक नियमित रुपमा विद्यालयमा उपस्थित नभएको र उपस्थित भए पनि शिक्षण कार्यमा पुरै समय संलग्न नरहेको ।

७. तालिम प्राप्त लेखा सहायकको अभावमा विद्यालयको हिसाव खाताहरु दुरुस्त नभएको ।

८. विद्यालयमा विद्युत र कम्प्युटरको अभावमा कम्प्युटर शिक्षा सैद्धान्तिक ज्ञानमा सिमित भएको ।

९. केहि विद्यालयहरुमा भौगोलिक विकटताको कारण विद्यार्थी नियमित रुपमा उपस्थित नभएको ।

१०. विद्यालयमा कक्षा संख्या अनुसार कक्षाकोठाहरु नभएको  ।

११. केही विद्यालयका शिक्षकहरुलाई काजमा खटाउँदा पठनपाठनमा अवरोध भएको ।

१२. कक्षा कोठा, शौचालय र विद्यालय वातावरणको सरसफाईमा राम्रो अवस्थामा नभएको ।

१३. केहि विद्यालयहरुमा घेराबार, खानेपानी, शौचालय, भवन, खेलमैदान नभएको र भएकाहरु पनि जिर्ण अवस्थामा रहेको ।

१४. विद्यालयहरुमा भएका श्रोत साधनहरुको अधिकतम प्रयोग नभएको ।

१५. अधिकांश विद्यालयहरुको विद्यार्थी सिकाई उपलब्धि न्यून रहेको ।

१६. विद्यालयहरुमा वार्षिक कार्यतालिका समेत नभएको ।

१७. शिक्षक र विद्यार्थीहरुले नियमित रुपमा पोशाक नलगाएको ।

१८. केही विद्यालयहरुमा विद्यालय अनुगमन प्रतिवेदन, २०७४ कार्यान्वयन नभएको ।

१९. केही विद्यालयहरुले नगरपालिकाबाट दिईएका निर्देशनहरु कार्यान्वयन र परिपालना नगरेको ।

२०. नगरपालिकाबाट स्वयमसेवक शिक्षकको रुपमा खटाईएका केही शिक्षकहरु अझै पनि विद्यायलयमा हाजिर नहुँदा पठनपाठन क्रियाकलाप प्रभावित भएको ।



आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

२१. नगरपालिकाबाट समयमै शैक्षिक क्यालेन्डर विद्यालयहरुलाई उपलब्ध नगराउँदा समयवद्ध ढङ्गले विद्यालयको शैक्षिक गतिविधिहरुलाई अगाडी बढाउन नसकिएको ।

## ५. सुझावहरु :-

पहिलो चरणको विद्यालय अनुगमन र पारित प्रतिवेदनको कार्यान्वयन, नगरपालिकाले शिक्षा क्षेत्रको सुधारको लागि चालेको कदम, आधारभूत तहको वार्षिक परिक्षाको विश्लेषण लगायतका कार्यहरुबाट समग्र शैक्षिक अवस्था सुधारोन्मुख रहेको देखिन्छ । शिक्षा क्षेत्रमा सुधारका लक्षणहरु देखा परेका छन् । अभिभावकहरु उत्साहित भएका छन् र उनीहरुमा सामुदायिक विद्यालयहरुप्रति क्रमिक रुपमा विश्वास जागृत भएको छ । शिक्षा क्षेत्रमा नगरपालिकाले गरेको लगानीले प्रतिफल दिन थालेको छ । यद्यपी अझै पनि शिक्षा क्षेत्रको सुधारको लागि थुप्रै प्रयासहरु गर्नुपर्ने देखिन्छ । आठविसकोट नगरपालिकाको शिक्षा प्रणालीमा आमुल परिवर्तन गरी गुणस्तर कायम गर्न भएका मौजुदा कानून, नीतिगत तथा संस्थागत व्यवस्थाहरुको कार्यान्वयनका अतिरिक्त तपशिलका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

१) अनुगमन प्रतिवेदन, २०७४ को पूर्ण कार्यान्वयन गर्ने ।

२) लामो समय सम्म एउटै द्यिालयमा कार्यरत शिक्षकलाई निश्चित मापदन्ड निमार्ण गरी सरुवा गर्ने ।

३) आठविसकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ को परिच्छेद ९ को नियम ५० बमोजिम र लिखित परिक्षाद्धारा तहगत रुपमा योग्य प्रधानाध्यापक नियुक्ति गर्ने ।

४) नगर शिक्षा नियमावली २०७४ बमोजिम प्रत्येक विद्यालयमा यस शैक्षिक शत्रको असारभित्र विद्यालय व्यवस्थापन समिति गठन गरी सक्ने ।

५) विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको विदा अभिलेख दुरुस्त राख्न लगाई ४/४ महिनामा शिक्षा, युवा तथा खेलकूद शाखाद्धारा प्रमाणित गुर्न पर्ने ।

६) प्रत्येक चौमासिकको अन्त्यमा प्रत्येक विद्यालयको अनुगमन गरी प्राप्त नतिजाको आधारमा आवश्यक नीति निर्माण गरी निर्देशन गर्ने ।

७) प्रत्येक विद्यालयमा भए गरेका गतिविधीहरुको जानकारी लिई आवश्यक पहल गर्न १ जनाले २ वटा वडा हेर्ने गरी गुप्तचर नियुक्ति गर्ने ।

८) अनाधिकृत रुपमा अनुपस्थित शिक्षक कर्मचारीको तलव भत्ता कटौति गर्ने कार्यलाई निरन्तरता दिने ।

९) विद्यालय समयमा मदिरा सेवन गर्ने र जुवा तासमा संलग्न शिक्षकलाई तत्काल वर्खास्त गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने ।

१०) नैतिक सामाजिक मुल्यमान्यता आधारित शिक्षाको स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमा लागु गर्ने ।

११) विद्यालयलाई वर्षमा कम्तिमा २ पटक प्रश्नोत्तर (सार्वजनिक सुनुवाई) कार्यक्रम अनिवार्य रुपमा गर्न लगाउने ।

१२) विद्यालयमा कार्यरत शिक्षकलाई तालिम बाहेक अन्य काजमा खटाउन नपाउने व्यवस्था गर्ने गराउने ।

१३) नगरपालिका भित्रका कक्षा ५, ८, १० र १२ को परिक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र छात्रालाई पुरुस्कृत गर्ने व्यवस्थालाई वस्तगत बनाउने र निरन्तरता दिने ।



आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

१४) आर्थिक स्थिती कमजोर भएका मेधावि विद्यार्थीहरुको लागि माथिल्लो शिक्षा अध्ययन गर्न सहुलियत व्याजमा ऋण प्रबाह गर्ने व्यवस्था मिलाउने ।

१५) वर्षमा ३ पटक नगरपालिका, विद्यालयका प्र.अ., जनप्रतिनिधि, वि.व्य.स.अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, नगर शिक्षा समितिका पदाधिकारीहरु सम्मिलित बृहत अन्तरक्रियात्मक गोष्ठी सञ्चालन गर्ने ।

१६) शिक्षा क्षेत्रमा गुणात्मक परिवर्तन गर्न परिक्षा प्रणालीमा व्यापक सुधार गरी कक्षा ५ र ८ को परिक्षा नगर स्तरिय गराउने र परिक्षाको प्रभावकारी रुपमा अनुगमन गर्ने ।

१७) प्रत्येक मा.वि.मा संगीत शिक्षक र खेलकूद शिक्षकको व्यवस्था गर्ने ।

१८) प्रत्येक विद्यालयमा कार्यरत कम्प्युटर शिक्षकलाई पटक-पटक तालिमको व्यवस्था गर्ने ।

१९) प्रत्येक विद्यालयका न्यूनतम २ जना शिक्षकलाई कम्तिमा ५ दिने शैक्षिक सामग्री निर्माण सम्वन्धी तालिम दिने ।

२०) न्यून आर्थिक स्थिती भएका बालबालिकाका अभिभावकलाई रोजगारको अवसर प्रदान गर्न पहल गर्नुका साथै सिपमुलक तालिमको व्यवस्था गर्ने ।

२१) निजी विद्यालयमा आफ्ना बालबालिका पढाउने अभिभावकलाई नगरसभाबाट स्वीकृत दरमा अतिरिक्त शिक्षा कर लगाउने ।

२२) आफ्ना बालवालिका विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट प्रदान गरीने सेवा सुविधाबाट वञ्चित गर्ने नीतिको अवलम्बवन गर्ने ।

२३) जननिर्वाचित प्रतिनिधिहरुले अनिवार्य रुपमा महिनामा १ पटक विद्यालयको अनुगमन गरी रिपोर्टिङ गर्ने व्यवस्था गर्ने ।

२४) सरकारी विद्यालयमा अध्ययनरत छात्र छात्रालाई टाई, बेल्ट, झोला, पोशाक र जुत्ता अनिवार्य गर्न लगाउने र शिक्षक शिक्षिकाहरुलाई पोशाक अनिवार्य गर्न लगाउने ।

२५) विद्यालयमा कक्षा संख्या अनुसार शिक्षक नभएका विद्यालयका शिक्षकलाई न्यूनतम कम्तिमा ५ दिने बहुकक्षा शिक्षण तालिम गराउने ।

२६) शिक्षालाई प्रयोगात्मक व्यवहारिक र उत्पादनशिल बनाउन प्राविधिक शिक्षालयको स्थापना गरी सञ्चालन गर्ने ।

२७) प्रत्येक विद्यालयका लेखा सम्वन्धि काम गर्ने शिक्षक कर्मचारीलाई प्रत्येक वर्ष लेखा सम्वन्धि ७ दिने अभिमुखिकरण तालिम दिने ।

२८) प्रत्येक आर्थिक वर्षको सुरुमा सामाजिक लेखापरीक्षण र लेखापरीक्षण नगर्ने विद्यालयलाई अनुदान रोक्का गर्ने ।

२९) सामुदायिक विद्यालयमा अध्यापन गराईरहेका शिक्षकहरुलाई कुनै पनि वहानामा संस्थागत विद्यालयहरुको संस्थापक बन्ने वा शेयर लगानी गर्ने वा अध्यापन गर्ने काममा रोक लगाउने ।

३०) एक व्यक्ति एक पेसाको मान्यता अनुसार शिक्षकहरुलाई आफ्नो पेशाप्रति वफादार बनाउन राजनीतिक आवद्धता वा संरक्षणको अन्त्य गर्ने ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

३१) एउटा वडामा भौगोलिक अवस्था, जनसङ्ख्या र बजेट र स्रोत साधन र बास्तविक आवश्यकताको आधारमा बढीमा दुई वटा मा.वि., तीन वटासम्म आधारभूत विद्यालय र केही बाल विकास केन्द्रहरु स्थापना गर्ने ।

३२) विद्यालयहरुमा शिक्षक दरवन्दी सिर्जना गर्दा वा पदपूर्ति गर्दा प्रारम्भिक वाल विकास केन्द्रमा १, कक्षा १-३ संचालित विद्यालयमा १, कक्षा १-५ मा ३, कक्षा ६-८ मा ४ जना र कक्षा ९-१० मा ४ जना न्यूनतम दरवन्दी कायम गरी थप शिक्षक दरवन्दी ४५ जना विद्यार्थी बराबर १ जना शिक्षक हुने गरी व्यवस्थापन गर्ने ।

३३) अधिकांश कक्षामा विद्यार्थी संख्या ज्यादै न्यून भएका, एक अर्का स्कूलविचको पैदल दूरी ३० मिनेट वा सोभन्दा कम भएका, न्यूनतम भौतिक पूर्वाधार पूरा नभएका र अपेक्षित रुपमा शैक्षिक उपलब्धी हासिल गर्न नसक्ने विद्यालयहरुलाई मर्जको प्रक्रियामा लैजाने ।

## ६. निष्कर्ष :

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ संग सम्वन्धित अनुसुचि ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ दफा ११ ज बमोजिम आधारभूत तथा माद्यामिक शिक्षा व्यवस्थापन सम्वन्धि सम्पूर्ण अधिकार स्थानीय तहलाई जिम्मा दिईसकेको परिपेक्ष्यमा शिक्षा क्षेत्रमा शैक्षिक सुशासन कायम गर्न, समन्वय र सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सहज हुने देखिन्छ । माथि उल्लेखित सुझावहरुलाई अक्षरस लागु गर्न सकियो भने शिक्षाको गुणस्तरमा सुधार हुनेछ । प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, जनप्रतिनिधी र अभिभावकलाई सशक्तिकरण गर्न सकेको खण्डमा विद्यालयको गुणस्तर कायम भई शिक्षा क्षेत्रमा आमुल परिवर्तन हुने कुरामा दुईमत छैन ।

सुझाव खण्डको बुँदा नं. (३२) र (३३) तत्काल कार्यान्वयन गर्दै नगरपालिकाबाट शिक्षा क्षेत्रमा चालिएका कदमहरुबाट प्राप्त हुन थालेको नतिजालाई दिगो र वास्तविक तुल्याउन भएका विद्यमान व्यवस्थाहरुको कार्यान्वय, निःशुल्क एक जोर ड्रेस वितरण कार्यलाई अझ बढि व्यवस्थित र वैज्ञानिक तुल्याउँदै भर्ना अभियानलाई गतिशिल तुल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाई विद्यालयमा टिकाउन आवश्यक आकर्षक र प्रभावकारी कार्यहरु (जस्तै दिवा खाजा कार्यक्रम) तर्जुमा गरी कार्यान्वयन गर्ने, शिक्षकहरुलाई पेसाप्रति वफादार तुल्याई अपेक्षित शैक्षिक उद्देश्य हासिल गर्न उत्प्रेरित गर्ने लगायतका कार्यहरुलाई निरन्तर रुपमा कार्यान्वयन गर्न आवश्यक छ ।

अतः संविधान मार्फत स्थानीय तहलाई प्राप्त आधारभूत तथा माध्यामिक शिक्षाको संचालन र व्यवस्थापन सम्बन्धि अधिकारको प्रभावकारी प्रयोग गर्ने र अनुगमन, नियमन र मूल्याङ्कणलाई थप सशक्त र व्यवस्थित बनाई विद्यमान शिक्षा सम्बन्धि कानूनहरुको कार्यान्वयन गरेको खण्डमा सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थामा सुधार आई ती विद्यालयहरुबाट गुणस्तरिय शिक्षाको अपेक्षा गर्न सकिन्छ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

# अनुगमनको एकीकृत विवरण २०७५

| क्र.स. | विद्यालयको नाम | मौज्जात शिक्षक संख्या: स्थायी | अस्थायी | लिएन | राहत | करार/स्वयंसेवक | बा.वि.के | जम्मा | थप गरीएको दरवन्दि/विषय: आ.त.(१–५) | आ.त. (६–८) | मा.वि.तह | सञ्चालनको लागि अनुमति प्राप्त तह | २०७५ सालको वा.वि.के.मा भएका विद्यार्थी भर्ना विवरण | आवश्यक वाल शिक्षा | २०७५ सालको आ.त. (१-५) मा भर्ना भएका विद्यार्थी विवरण: १ | २ | ३ | ४ | ५ | जम्मा | आवश्यक शिक्षक संख्या | २०७५ सालको आ.त. (६-८) मा भर्ना भएका: ६ | ७ | ८ | जम्मा | आवश्यक शिक्षक संख्या | २०७५ सालको मा.वि. तहमा भर्ना: ९ | १० | जम्मा | आवश्यक शिक्षक संख्या | जम्मा विद्यार्थी संख्या | जम्मा शिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री महादेव आ.वि.रोका जा १ रुकुम पश्चिम | ० | १ | | १ | ० | १ | २ | ० | | | १-३ | ११ | १ | १५ | १२ | ९ | | | ३६ | २ | | | | ० | ० | | | ० | ० | ३६ | २ | |
| २ | श्री साईकूमारी आधारभुत विद्यालय | १ | २ | | ० | ५ | १ | ८ | २ जना | नेपाली, गणित, कम्प्युटर | | १-८ | ४० | १ | ६३ | ५५ | ५७ | ४९ | ४१ | २६५ | ५ | ३३ | १७ | ४२ | ९२ | ४ | | | ० | ० | ३५७ | ९ | १ थव |
| ३ | श्री नविन आधारभूत विद्यालय पहाडा २ | ३ | ० | | ० | ४ | १ | ७ | १ जना | नेपाली,कम्प्युटर गणित/विज्ञान | | १-८ | ६३ | २ | ६३ | ५५ | ३२ | ३५ | ३६ | २२१ | ४ | २४ | २१ | २७ | ७२ | ४ | | | ० | ० | २९३ | ८ | १ थप |
| ४ | श्री सरस्वति आधारभूत विद्यालय स्याला २, | १ | २ | | ० | २ | १ | ५ | | कम्प्युटर, नेपाली | | १-८ | ४३ | १ | ३२ | १४ | ३८ | २५ | २५ | १३४ | ३ | ३३ | २१ | १८ | ७२ | ४ | | | ० | ० | २०६ | ७ | २ थप |
| ५ | श्री गोरखनाथ आधारभुत विद्यालय | ० | ३ | | ० | ० | १ | ३ | | | | १-५ | २२ | १ | ५५ | २१ | १८ | १७ | १० | १२१ | ३ | | | | ० | ० | | | ० | ० | १२१ | ३ | |
| ६ | श्री हिमालय माध्यामिक विद्यालय खदि ३ | ४ | ३ | | २ | ८ | १ | १७ | १ जना | संगित, कम्प्युटर | गणित, | १-१० | ७२ | २ | १८२ | ७७ | ६७ | ४७ | ३७ | ४१० | ८ | ४८ | ४६ | ४१ | १३५ | ५ | ३४ | ८३ | ११७ | ५ | ६६२ | १८ | १ थप |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री ज्ञानोदय माध्यामिक विद्यालय चौतारा ४ | १ | १ | | ३ | ७ | १ | १२ | २ जना | गणित, कम्प्युटर, स्वास्थ्य | नेपाली, | १-१० | २२ | १ | ७१ | ७२ | ६९ | ६८ | ४८ | ३२८ | ४ | ४० | ५४ | ३८ | १३२ | ४ | १९ | २३ | ४२ | ४ | ५०२ | १२ | |
| ८ | श्री चित्रिपाटन आधारभुत विद्यालय | ० | ० | | ० | | १ | १ | | | | कक्षा १ | ६७ | १ | २९ | | | | | २९ | १ | | | | ० | ० | | | ० | ० | २९ | १ | |
| ९ | श्री इन्द्रज्योती आ. वि. चूल्ठी ४ | ० | ० | | ० | | १ | १ | | | | कक्षा १ | २२ | १ | १७ | २२ | | | | ३९ | १ | | | | ० | ० | | | ० | ० | ३९ | १ | |
| १० | श्री मस्ट कैलाश आधारभुत विद्यालय | ० | ० | | ० | १ | १ | १ | | | | कक्षा १ | ३१ | १ | ३० | | | | | ३० | १ | | | | ० | ० | | | ० | ० | ३० | १ | |
| ११ | श्री बाहृमादेवि आधारभूत विद्यालय | ० | ० | | २ | | १ | २ | | | | १-३ | ७१ | १ | ४८ | ४५ | ३८ | | | १३१ | ३ | | | | ० | ० | | | ० | ० | १३१ | ३ | १ थप |
| १२ | श्री जलदेवि आ.वि.घामट ाकूरी ५ रुकुम | ० | ० | | ० | | १ | ० | | | | वा.वि.के | ४५ | १ | | | | | | ० | ० | | | | ० | ० | | | ० | ० | ० | ० | |
| १३ | श्री सरस्वति माद्यामिक विद्यालय मिग्रि ५ | १ | २ | | ० | ७ | १ | १० | १ जना १ | सामाजिक, स्वास्थ्य, कम्प्युटर | नेपाली,गणित | १-१० | ५३ | २ | ९४ | ६२ | ८७ | ७७ | ६२ | ३८२ | ६ | ४७ | ५१ | ८३ | १८१ | ४ | २२ | ३२ | ५४ | ४ | ६१७ | १४ | ४ थप |
| १४ | श्री सूर्योदय माद्यामिक विद्यालय होली ६ | २ | १ | | ४ | ४ | १ | ११ | २ जना | कम्प्युटर | गणित | १-१० | ४१ | १ | ७४ | ५४ | ६५ | ३४ | ५१ | २७८ | ४ | ५४ | ४० | ३५ | १२९ | ४ | २५ | २६ | ५१ | ४ | ४५८ | १२ | १ थप |
| १५ | श्री मालिका आधारभूत विद्यालय छिमी ६ | ० | २ | | १ | | १ | ३ | | | | १-५ | १५ | १ | ९ | ४ | ६ | २ | ६ | २७ | २ | | | | ० | ० | | | ० | ० | २७ | २ | १ द कटाउने |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | श्री कालिका आधारभूत विद्यालय मन्काबगर | ० | १ | | २ | | १ | ३ | | | | १-५ | ४२ | १ | १० | १० | १२ | १७ | ७ | ५६ | ३ | | | | ० | ० | | | ० | ० | ५६ | ३ | |
| १७ | श्री भानुभक्त आधारभुत विद्यालय औलिगाउ ७ | ० | ० | | २ | | १ | २ | | | | १-३ | २२ | १ | २० | १२ | १२ | | | ४४ | २ | | | | ० | ० | | | ० | ० | ४४ | २ | |
| १८ | श्री जनज्योति आधारभूत विद्यालय | ३ | ० | | ० | | १ | ३ | | | | १-५ | ४८ | १ | २९ | २२ | २२ | २३ | १७ | ११३ | ३ | | | | ० | ० | | | ० | ० | ११३ | ३ | |
| १९ | श्री मनकामना आधारभूत विद्यालय | ० | ० | | १ | १ | १ | २ | १ जना | | | १-३ | १९ | १ | २७ | १५ | १४ | | | ५६ | २ | | | | ० | ० | | | ० | ० | ५६ | २ | |
| २० | श्री हिमालय माध्यामिक विद्यालय दाजे ८ | ३ | ३ | | १ | ३ | १ | १० | | कम्प्युटर | विज्ञान, | १-१० | ४५ | १ | ५९ | ४५ | ३७ | ५४ | ५० | २४५ | ४ | ६९ | ६१ | ७७ | २०७ | ४ | २२ | ४७ | ६९ | ४ | ५२१ | १२ | २ थप |
| २१ | श्री सृजना आधारभूत विद्यालय घर्तिगाउ ८ | ० | ० | | २ | १ | १ | ३ | १ जना | | | १-५ | ६१ | २ | २५ | २५ | २१ | १५ | २३ | १०९ | ३ | | | | ० | ० | | | ० | ० | १०९ | ३ | |
| २२ | श्री कालिका माध्यमिक विद्यालय सुन्दरपानी | ५ | २ | | ४ | ४ | १ | १५ | | कम्प्युटर | नेपाली, | १-१० | ३२ | १ | ६६ | ४६ | ३८ | ५३ | ४४ | २४७ | ५ | १२९ | १२६ | १३४ | ३८९ | ८ | ५६ | १०९ | १६५ | ५ | ८०१ | १८ | ३ थप |
| २३ | श्री लोक कल्याण आधारभुत विद्यालय | ० | ० | | १ | १ | १ | २ | १ जना | | | १-३ | ३२ | १ | ३१ | १८ | १६ | | | ६५ | २ | | | | ० | ० | | | ० | ० | ६५ | २ | |
| २४ | श्री बाल कल्याण माद्यामिक विद्यालय | ४ | ४ | | १ | १ | | १० | | कम्प्युटर | | ६-१२ | | १ | | | | | | ० | ० | ३८ | ५४ | ७६ | १६८ | ४ | ३७ | ४६ | ८३ | ५ | २५१ | ९ | १ कटौती |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | श्री कमल आधारभूत विद्यालय हर्दिगाउ ९ | १ | २ | | ० | | १ | ३ | | | | १-५ | १५ | १ | १३ | १८ | ९ | ११ | ७ | ५८ | ३ | | | | ० | ० | | | ० | ० | ५८ | ३ | |
| २६ | श्री जोली पिपल आधारभुत विद्यालय | ० | ० | | ० | १ | १ | १ | १ जना | | | कक्षा १ | १७ | १ | ११ | | | | | ११ | ० | | | | ० | ० | | | ० | ० | ११ | ० | वा.वि.के. मात्र |
| २७ | श्री जनचेतना आधारभूत विद्यायलय | ० | ० | | ० | १ | १ | १ | १ जना | | | कक्षा १ | २३ | १ | १२ | | | | | १२ | ० | | | | ० | ० | | | ० | ० | १२ | ० | वा.वि.के. मात्र |
| २८ | श्री सहिद स्मृति नमुना मा.वि. आठविसकोट | | | | | ६ | | ६ | | कम्प्युटर, अंग्रेजी, गणित | अग्रेजी, | ६-१० | | ० | | | | | | ० | ० | ३४ | ३६ | ३४ | १०४ | ४ | ३९ | | ३९ | ५ | १४३ | ९ | ३ थप |
| २९ | श्री दिपज्योती आधारभूत विद्यालय | १ | २ | | ० | | १ | ३ | | | | १-५ | ८० | ३ | ८२ | ५२ | ४९ | ३८ | २६ | २४७ | ५ | | | | ० | ० | | | ० | ० | २४७ | ५ | २ थप |
| ३० | श्री भगवती आधारभूत विद्यालय कोट १० | ० | ० | | ० | १ | १ | १ | १ जना | | | कक्षा १ | १५ | १ | १० | | | | | १० | ० | | | | ० | ० | | | ० | ० | १० | ० | वा.वि.के. मात्र |
| ३१ | श्री जनता माद्यामिक विद्यालय झिन्चौर | २ | १ | | ४ | ४ | १ | ११ | | नेपाली, कम्प्युटर | अंग्रेजी, | १-१२ | २७ | १ | ३० | २९ | ४५ | ३२ | ५१ | १८७ | ३ | ५६ | २७ | ४८ | १३१ | ४ | ४१ | ४५ | ८६ | ४ | ४०४ | ११ | |
| ३२ | श्री सरस्वती आधारभूत विद्यालय मैडाडा १० | ० | ० | | ३ | | १ | ३ | | | | १-५ | ४७ | १ | १९ | २५ | २१ | १९ | १४ | ९८ | ३ | | | | ० | ० | | | ० | ० | ९८ | ३ | |
| ३३ | श्री साईराम आधारभुत विद्यालय घोरलास | ० | ० | | २ | | १ | २ | | | | वा.वि.के.कक्षा १ | २५ | १ | २६ | | | | | २६ | १ | | | | ० | ० | | | ० | ० | २६ | १ | १ द कटाउने |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | श्री जनविकास माद्यामिक विद्यालय | २ | १ | | ३ | ४ | १ | १० | | गणित/विज्ञान, कम्प्युटर | अंग्रेजी, | १-१० | २९ | १ | ३६ | २७ | २७ | ३० | २३ | १४३ | ३ | ४१ | ४१ | ६४ | १४६ | ४ | २० | ४२ | ६२ | ४ | ३५१ | ११ | १ थप |
| ३५ | श्री लालीगुरास आधारभूत विद्यालय | १ | १ | | १ | | १ | ३ | | | | १- ३ | १४ | १ | १० | १५ | १२ | | | ३७ | ३ | | | | ० | ० | | | ० | ० | ३७ | ३ | |
| ३६ | श्री सरस्वती आधारभूत विद्यालय फलाटे १० | ० | ० | | २ | १ | १ | ३ | १ जना | | | १- ५ | २१ | १ | १७ | १५ | १० | १६ | १० | ६८ | ३ | | | | ० | ० | | | ० | ० | ६८ | ३ | |
| ३७ | श्री हिमाली आधारभूत विद्यालय गैरीचौर १० | ० | ० | ० | ० | १ | १ | १ | १ जना | | | कक्षा १ | १५ | १ | ११ | | | | | ११ | ० | | | | ० | ० | | | ० | ० | ११ | ० | वा.वि.के. मात्र |
| ३८ | श्री आधारभूत विद्यालय घाटिगौडा | २ | १ | ० | ० | | १ | ३ | | | | १- ५ | ११ | १ | १३ | २२ | २४ | २२ | २१ | १०२ | ३ | | | | ० | ० | | | ० | ० | १०२ | ३ | |
| ३९ | श्री शितल आधारभूत विद्यालय गोइरी | ० | ० | ० | ० | १ | १ | १ | १ जना | | | वा.वि.के. कक्षा १ | ३० | १ | २६ | | | | | २६ | १ | | | | ० | ० | | | ० | ० | २६ | १ | |
| ४० | श्री जुम्लेधारा आधारभूत विद्यालय | ० | ० | ० | ० | १ | १ | १ | १ जना | | | कक्षा १–2 | ११ | १ | २६ | ८ | | | | ३४ | १ | | | | ० | ० | | | ० | ० | ३४ | १ | |
| ४१ | श्री जनभावना आधारभूत विद्यालय | ० | ० | | ० | १ | १ | १ | १ जना | | | कक्षा १ | ३७ | १ | ४४ | | | | | ४४ | १ | | | | ० | ० | | | ० | ० | ४४ | १ | |
| ४२ | श्री नेपाल राष्टिय माध्यामिक विद्यालय | १ | २ | १ | १ | ३ | १ | ८ | | कम्प्युटर, गणित/विज्ञान | सामाजिक | १-१० | २३ | १ | ३९ | ३८ | ५३ | ३४ | ४३ | २०७ | ३ | ६४ | ७४ | ९३ | २३१ | ४ | २६ | ५२ | ७८ | ४ | ५१६ | ११ | ३ थप |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | श्री नवज्योती आधारभुत विद्यालय | ० | ० | ० | ० | १ | १ | १ | १ जना | | | कक्षा १ | २२ | १ | १४ | | | | | १४ | १ | | | | ० | ० | | | ० | ० | १४ | १ | |
| ४४ | श्री दलती जनविकास आधारभूत विद्यालय | ० | ० | ० | ० | २ | १ | २ | २ जना | | | कक्षा १-३ | ३९ | १ | ३० | ३७ | | | | ६७ | २ | | | | ० | ० | | | ० | ० | ६७ | २ | |
| ४५ | श्री पिपल चौतारा आधारभूत विद्यालय | ० | ० | ० | ० | | १ | १ | | | | कक्षा १ | १९ | १ | २० | | | | | २० | १ | | | | ० | ० | | | ० | ० | २० | १ | |
| ४६ | श्री जनकल्याण माध्यामिक विद्यालय | ३ | ० | ० | ० | ७ | १ | १० | | गणित/विज्ञान, कम्प्युटर, | विज्ञान, | १-१० | ४५ | १ | ३९ | ५३ | ४९ | ५१ | ४७ | २३९ | ३ | ४२ | ३९ | ६८ | १४९ | ५ | ६ | २९ | ३५ | २ | ४२३ | १० | |
| ४७ | श्री त्रिवेणी आधारभूत विद्यालय स्यानीबार्खु | १ | २ | ० | ० | ४ | १ | ७ | | अंग्रेजी, कम्प्युटर | | १-८ | २० | १ | ६६ | ४० | २५ | ३८ | ४१ | २१० | ३ | ३१ | ३८ | ३८ | १०७ | ४ | | | ० | ० | ३१७ | ७ | |
| ४८ | श्री जनकल्याण आधारभूत विद्यालय | ० | ० | ० | ० | २ | १ | २ | २ जना | | | १-३ | १७ | १ | २६ | १८ | २४ | | | ६८ | २ | | | | ० | ० | | | ० | ० | ६८ | २ | |
| ४९ | श्री नेपाल राष्टिय माध्यामिक विद्यालय | १ | २ | ० | ३ | ५ | १ | ११ | | गणित/विज्ञान, अंग्रेजी कम्प्युटर | गणित, | १-१० | ३६ | १ | ५१ | ३१ | २९ | ५१ | ३७ | १९९ | ४ | ४७ | ४० | ३० | ११७ | ४ | २९ | ४१ | ७० | ३ | ३८६ | ११ | |
| ५० | श्री लाल किरण आधारभूत विद्यालय | ० | ० | ० | ० | १ | १ | १ | १ जना | | | कक्षा १-२ | १९ | १ | १५ | १८ | | | | ३३ | १ | | | | ० | ० | | | ० | ० | ३३ | १ | |
| ५१ | श्री सृजनशिल बाल विकास केन्द्र | ० | ० | ० | ० | | १ | ० | | | | वा.वि.के. | २८ | १ | | | | | | ० | ० | | | | ० | ० | | | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ थप | १ द कटाउने | | | १ थप | |
| २ | २ | ३ | ७ | २ | ० | २ | ६ | २ |
| ६५ | ७२ | १११ | २९६ | ५० | ० | ७९ | १६० | ३९ |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | |
| | | | | | | | | |
| ० | ० | ० | ४ | ० | ० | ० | ३ | ० |
| ० | ० | ० | १६७ | ० | ० | ० | २६ | ० |
| | | | ८४ | | | | | |
| | | | ४२ | | | | | |
| | | | ४१ | | | | २६ | |
| २ | २ | ३ | ३ | २ | ० | २ | ३ | २ |
| ६५ | ७२ | १११ | १२९ | ५० | ० | ७९ | १३४ | ३९ |
| | | १४ | ३३ | १५ | | १४ | २३ | ८ |
| | | १४ | २६ | ७ | | १६ | ३२ | ८ |
| १९ | २६ | २३ | १४ | ८ | | १२ | ३२ | ६ |
| १६ | १८ | २० | १८ | १५ | | १५ | २२ | ९ |
| ३० | २८ | ४० | ३८ | ५ | | २२ | २५ | ८ |
| १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| २५ | २१ | २७ | २० | १९ | ३१ | २२ | २३ | १८ |
| कक्षा १–३ | कक्षा १–३ | १- ५ | १- ८ | १- ५ | वा.वि.के. | १- ५ | १- ६ | १- ५ |
| | | | | | | | | |
| | | | नेपाली, कम्प्युटर, विज्ञान | | | | गणित/विज्ञान, कम्प्युटर | |
| २ जना | | | | | | | | २ जना |
| २ | २ | ३ | ६ | ३ | २ | २ | ५ | २ |
| १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| २ | | १ | ३ | | | | २ | २ |
| ० | २ | १ | ० | १ | २ | १ | १ | ० |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| ० | ० | १ | २ | १ | ० | १ | २ | ० |
| श्री जनविकास आधारभूत विद्यालय | श्री बालसेवा आधारभूत विद्यालय पिपलडाडा | श्री बालकल्याण आधारभुत विद्यालय | श्री आधारभूत विद्यालय घेत्मा | श्री जनयुवा आधारभूत विद्यालय भल्मा १३ | श्री बालहित आधारभूत विद्यालय ज्यामिरकोट | श्री जनज्योति आधारभूत विद्यालय | श्री सृजना आधारभूत विद्यालय पिपलचौर | श्री लालिगुरास आधारभुत विद्यालय |
| ५२ | ५३ | ५४ | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० |

| ६१ श्री जनविकास माद्यामिक विद्यालय | ६२ श्री आर्दश माद्यामिक विद्यालय ज्यामिरकोट | ६३ श्री सरस्वती आधारभूत विद्यालय | जम्मा | गत शैक्षिक सत्रमा भर्ना विवरण | गत शैक्षिक सत्रको तुलनामा विद्यार्थी घटवढ संख्या | गत शैक्षिक सत्रको तुलनामा विद्यार्थी घटवढ प्रतिशत |
|---|---|---|---|---|---|---|
| २ थप | २ कटौती | | | | | |
| ११ | १२ | २ | २९७ | २४४ | | |
| ३४५ | ३९१ | ६० | १२६०७ | ११९१ | 689 | 5.8 |
| ३ | ४ | ० | ६० | ३२ | | |
| ५४ | १२७ | ० | ११३२ | १४३३ | -301 | -21.0 |
| ३४ | ४३ | | ६५२ | ६४९ | 3 | 0.5 |
| २० | ८४ | | ४८० | ७८४ | -304 | -38.8 |
| ५ | ५ | ० | ९१ | ६१ | | |
| १०४ | २०९ | ० | ३०६८ | २७६७ | 301 | 10.9 |
| ४७ | ९२ | | ११६९ | ९३५ | 234 | 25.0 |
| २७ | ६४ | | ९१९ | ९६५ | -46 | -4.8 |
| ३० | ५३ | | ९८० | ८६७ | 113 | 13.0 |
| ३ | ३ | २ | १४६ | १५१ | | |
| १८७ | ५५ | ६० | ६५१८ | ६७९३ | -275 | -4.0 |
| ४३ | १४ | ११ | ९५२ | १०२४ | -72 | -7.0 |
| ३८ | १३ | १० | १०२२ | १११० | -88 | -7.9 |
| ३६ | ६ | १३ | १२३० | ११९३ | 37 | 3.1 |
| ३० | ९ | १२ | १३१६ | १२८३ | 33 | 2.6 |
| ४० | १३ | १४ | १९९८ | २१८३ | -185 | -8.5 |
| १ | १ | १ | ६८ | २१ | | |
| ४१ | २२ | १६ | १८८९ | ९२५ | 964 | 104 |
| १- १० | १- १२ | १- ५ | | | | |
| | | | | | | |
| कम्प्युटर, विज्ञान, सामाजिक, नेपाली | कम्प्युटर | | | | | |
| | | | | | | |
| ९ | १४ | २ | २७९ | | | |
| १ | १ | १ | ६१ | | | |
| ४ | १ | | १११ | | | |
| ३ | ४ | २ | ६३ | | | |
| ० | १ | ० | २ | | | |
| १ | ३ | ० | ४७ | | | |
| १ | ५ | ० | ५६ | | | |

आठबिसकोट नगरपालिका

Figure 1 Comparision chart for Students registration data in instructional year 2074 & 2075




आर्थिक

Figure 2Comparision Chart between students registration data in instructional year 2074 & 2075




**नगर शिक्षा समितिबाट स्वीकृती**
**मिति: २०७५/०२/२६**

**प्रमाणिकरण मिति**
२०७५/०२/३०

**आज्ञाले**

**राम बहादुर के.सी.**

**नि. प्रमुख प्रशासकिय अधिकृत**